नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या : ०७५/७६

च.नं. : ६८२

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौ

मिति : २०७६/०२/०२

विषयः स्वास्थ्य सम्बन्धी **LMIS** प्रतिवेदन सम्बन्धमा ।

श्री स्थानीय तहहरु सबै,

प्रस्तुत विषयमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. १३१ मिति २०७६/०२/०१ को LMIS प्रतिवेदन सम्बन्धको पत्र यसै साथ संलग्न छ । उक्त पत्रबाट व्यहोरा अवगत गर्नुभई सोही अनुसार गर्न गराउन हुन आदेशानुसार अनुरोध छ ।

(जनकराज शर्मा)
शाखा अधिकृत

बोधार्थः

श्री सूचना तथा प्रविधि शाखाः वेभसाइटमा अपलोड गर्नु हुन ।

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

## (स्वास्थ्य समन्वय महाशाखा)

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

रामशाहपथ,
काठमाडौं, नेपाल

पत्र संख्या: (१) २०७५।०७६
चलानी नं.: ९३९

मितिः २०७६/२/१

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय , सिंहदरबार।

### बिषय: LMIS प्रतिबेदन सम्बन्धमा ।

उपरोक्त विषयमा देशको सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा प्रभावकारी किसिमले स्वास्थ्य सेवालाई आवश्यक पर्ने औषधि तथा सामग्रीहरुको आपूर्ति प्रणालीको व्यवस्थापन गर्न, खपत दर र मौज्दातको जानकारी लिन, आपूर्ति पर्याप्त मात्रा मा भएको छ/छैन यकीन गर्न, आवश्यकता अनुरुप सामग्री खरिद गर्न, योजन तर्जुमा गर्न, सामानको ढुवानी कार्य तालिकाको विकास गर्नकालागि संचालनमा रहेको LMIS प्रतिवेदनलाई हालको संघियताको सन्दर्भमा स्थानीय तहहरु बाट LMIS Reporting समयमा र पूर्ण नभएको हुँदा हरेक तहबाट LMIS Reporting तपसिल बमोजिम गर्ने व्यवस्था मिलाउन सबै स्थानीय तहमा पत्राचार गरिदिनुहुन अनुरोध छ।

१। स्थानीय तहबाट औषधि, खोप, परिवार नियोजनका साधनहरु तथा अन्य सामग्रीहरु वितरण हुने हरेक स्वास्थ्य संस्थाहरु । अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, हेल्थ पोष्ट ,सामुदायीक स्वास्थ्य इकाई, नगर स्वास्थ्य क्लिनिक, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्थाका क्लिनिकआदि। बाट अनिवार्य रुपमा LMIS प्रतिवेदन तयार गरि त्रैमासिक समाप्त भएको ७ गते भित्रमा संकलन गर्नुपर्ने ।

२। यदि ७ गते भित्र प्रतिवेदन प्राप्त नभएमा स्वास्थ्य संस्थाहरुलाई ताकेता गरि सकेसम्म छिटो प्रतिवेदन संकलन गर्नुपर्ने ।

३। स्थानीयतहमा eLMIS Data entry तालिम लिएको भएमा र User-Id तथा Password उपलब्ध भइसकेको भए स्वास्थ्य संस्थाहरुबाट प्राप्त प्रतिवेदन स्थानीयतहमा नै Data entry गर्नु पर्दछ । eLMIS मा Data entry भए पश्चात उक्त प्रतिवेदनलाई अन्यत्र पठाउनु नपर्ने ।LMIS Data entry भए पश्चात प्रत्येक स्वास्थ्य संस्थाहरु लाई पृष्ठपोषण (Feedback) उपलब्ध गराउनु पर्ने ।

४। eLMIS Data entry तालिम लिन बाँकी भएका स्थानीयतहमा आफु मातहतका सम्पूर्ण स्वास्थ्य संस्थाहरुको LMIS प्रतिवेदन संकलन गरि १ कपि स्थानिय तहमा राखि १ कपि सम्वन्धित जिल्लाका स्वास्थ्य कार्यालयमा पठाउनु पर्ने ।

यस सम्बन्धी थप जानकारीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखामा सम्पर्क गर्नु हुन अनुरोध छ ।

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ।
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय , सिंहदरबार।

२।१
शम्भु काफ्ले
जनस्वास्थ्य प्रशासक